# पालुङटार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
पालुङटार, गोरखा
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या:- ०७६/७७
चलानी नम्बर :- १६४२

मिति : २०७७/०१/२१

श्री सम्पुर्ण विद्यालयहरु
पालुङटार नगरपालिका गोरखा ।

**विषय : बार्षिक परीक्षाको नतिजा प्रकाशन सम्बन्धमा ।**

प्रस्तुत विषयमा आम अभिभावक, विद्यार्थी र सरोकारवालाहरुले विद्यालयमा पठनपाठन ,शैक्षिक शत्र २०७६को बार्षिक परीक्षाको नतिजा लगायतका सवालमा राखेका जिज्ञासाहरुको सन्दर्भमा नेपाल सरकारबाट COVID-19 को रोकथाम तथा नियन्त्रणका लागि लागु गरिएको बन्दाबन्दीको उद्देश्य प्रतिकुल नहुने गरी यस नगरपालिकाको कार्यपालिकाको मिति २०७७/०१/१८ गतेको बैठकको निर्णय बमोजिम देहाय अनुसार गर्नुहुन अनुरोध छ ।

१. विद्यालय तहका कक्षा १ देखि ९ सम्मको रोकिएका बार्षिक परीक्षाको नतिजा मिति २०७७/०१/२७ सम्ममा प्रकाशन गर्ने व्यवस्था मिलाउनुहुन।
२. कक्षा ८ को परीक्षाको सैद्धान्तिक तथा प्रयोगात्मक अंक अनिवार्यरुपमा IEMIS Software मा अपलोड गर्नुहुन वा २०७७ बैशाख २४ सम्ममा शिक्षा ,युवा तथा खेलकुद शाखाको इमेल education.palungtarmun@gmail.com मा पठाउने व्यवस्था मिलाउनुहुन ।
३. कक्षा ५को परीक्षाको नतिजाको समस्टीगत फाराम तयार गरी प्रधानाध्यापकबाट प्रमाणित गरी नतिजा प्रकाशन गर्ने व्यवस्था मिलाउने र सो को एक प्रति मिति २०७७ बैशाख २४ सम्ममा शिक्षा युवा तथा खेलकुद शाखामा उपलब्ध गराउनुहुन ।

.........................................
बाबुराम कारखेती
उप-सचिव